# गुल्मीदरबार गाउँपालिका

## स्थानीय राजपत्र

**खण्ड : ४ संख्या :२३ फागुन २३, २०८१**

### भाग-३

### <u>सूचना</u>

गुल्मीदरबार गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८१/११/२१ गते बसेको गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरुको यो सूचना प्रकाशन गरिएको छ।

| सि.नं. | निर्णय |
|---|---|
| १ | यस भन्दा अगाडी कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको छलफल तथा समिक्षा गरियो । निर्णय कार्यान्वयनको अवस्था सन्तोष जनक पाइयो । |
| २ | गुल्मीदरबार गाउँपालिका वडा नं. ६ का वडा सदस्य रेशम प्रधान रुख ढाल्ने क्रममा रुखले लागेर घाइते भइ उपचार भैरहेको हुँदा निजलाई आर्थिक सहायता रु.३००००।– उपलब्ध गराउने निर्णय गरियो । |
| ३ | संघीय सरकारको विशेष अनुदानबाट आ.व.२०७८/०७९ मा बजेट विनियोजन भइ बोलपत्र आव्हान गरि छनौट भएको श्रेष्ठ कन्स्ट्रक्सन सेवाले मिति २०७८/०९/११ गते २०७९ पुष मसान्तसम्म सम्पन्न गर्ने गरि रकम रु. १३८७५१५८।२७ को सम्झौता गरेकोमा आ.व. २०७८/०७९ को असारसम्म रु.२४५०९४२।– मात्र भुक्तानी लेने गरी काम गरेको र बाँकी रकम रु. १०७०००००।– संघमा फर्ता गरेको आ.व.२०७९/०८० मा भवन निर्माणको काम करिव ६० प्रतिशत भएकोमा संघबाट रकम प्राप्त हुन नसकी भूक्तानी दिन बाँकी रहेको हुँदा उक्त आयोजना बजेट अभावको कारण अधुरो रहेकोले आ.व. २०८२/०८३ मा आवश्यक रकम प्राप्त भएमा सम्पन्न गराउने प्रतिबद्धता जाहेर गर्ने निर्णय गरियो । |
| ४ | स्थानीय पूर्वाधार सहयोग कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०८२/८३ का लागि स्थानीय तहको छनौटको लागि तपशिलका सूचकहरुको प्रतिबद्धता जाहेर गर्ने निर्णय गरियो ।<br>तपशिलः<br>१.स्थानी तहको इच्छा र प्रतिबद्धताः<br>(क) स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) सँगको सहकार्यमा सहभागितामूलक निर्णय प्रक्रिया अवलम्बन गरी स्थानीय पूर्वाधार सम्बन्धी योजना तथा समावेशी बजेटको निर्माण गर्ने ।<br>(ख) स्थानीय पूर्वाधार विकासका लागिनविनतम र सुधारियका तरिका, स्थान र विधि अवलम्बन गर्ने ।<br>(ग) स्थानीय पूर्वाधार सहयोग कार्यक्रममार्फत प्राप्त हुने सहलगानीलाई समग्र वार्षिक कार्यक्रम तथा बजेटको पूर्वाधार शिर्षकमा समावेश गर्ने ।<br>२. वार्षिक योजना तथा बजेटमा स्थानीय पूर्वाधार कार्यक्रमसँगको सहलगानीको हिस्सा विनियोजन गर्ने प्रतिबद्धता ।<br>३. पूर्वाधार सेवा प्रवाह एवं मर्मत सम्भार सम्बन्धी कार्यविधि तथा निर्देशिका तयार/परिमार्जन तथा अनुमोदन गर्ने प्रतिबद्धता ।<br>१५. स्थानीय पूर्वाधार सम्बन्धी विवरण तयार तथा अद्यावधिक गर्ने र सो जानकारीको आधारमा स्थानीय पूर्वाधार मर्मत सम्भारको योजना तथा बजेट तर्जुमा गर्ने । |
| ५ | गाउँपालिकास्तरीय मर्मत संभारको लागि बलिथुम र जुभुङ्गलाई एउटा खण्ड, गौंडाकोट र वीरबासको लागि एउटा खण्ड र वडा नं. ५, ६ र ७ लाई एउटा खण्ड मानी माग भएको र सोही बमोजिम प्राप्त कार्यक्रम अनुसार कार्य सम्पन्न गर्न प्रकृया अगाडी बढाउने निर्णय गरियो । |
| ६ | गुल्मीदरबार गाउँपालिकाको १६औं अधिवेशनको तेस्रो बैठक मिति २०८१/११/२७ गते बिहान ११.०० बजे बोलाउने निर्णय गरियो । |
| ७ | गाउँपालिकाको प्रशासकीय भवन निर्माणको लागि आवश्यक जग्गा १ कि.मि.भित्र खोज्ने निर्णय गरियो |

आज्ञाले,

(भेषराज घिमिरे)

प्रमुख प्रशासकीय अधिकृत